annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ७८ पृष्ठ ८ | काठमाडौं, बिहीबार ३ साउन २०८१ | आषाढ शुक्लपक्ष द्वादशी, नेपाल संवत् ११४४ | THURSDAY, JULY 18, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## स्थानीय तहमा किन त्यति धेरै भ्रष्टाचार ?

### अख्तियारले दायर गरेकामध्ये आधा स्थानीय तहकै मुद्दा

दायर मुद्दा
२०१

स्थानीय तहका मात्रै
८१

कुल बिगो
८ अर्ब ३५ करोड

स्टिङ अपरेसन
३१

नगद बरामद
रु. ५२,४२,५००

स्टिङ अपरेसनमा पक्राउ
४४

सर्वोच्चमा पुनरावेदन
९२




विगत पाँच वर्षको उजुरी

| | |
|---|---|
| ३५,७९० | २०८०/८१ |
| २८०६७ | २०७९/८० |
| २४,३३१ | २०७८/७९ |
| २२,६२५ | २०७७/७८ |
| २५,१५२ | २०७६/७७ |

कस्ता मुद्दा कति ?

| | |
|---|---|
| गैरकानुनी लाभहानि | ५८ |
| घुस | ४८ |
| नक्कली शैक्षिक प्रमाणपत्र | ३४ |
| सार्वजनिक सम्पत्तिको हानिनोक्सानी | ३४ |
| राजस्व चुहावट/हिनामिना | १३ |
| गैरकानुनी सम्पत्ति आर्जन | ११ |
| विविध | ३ |

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## अनकन्टार जंगलमा कसले छाड्यो वृद्धलाई ?

**किशोर बुढाथोकी** | *विराटनगर*



**मोरङको अनकन्टार जंगलमा बेवारिसे अवस्थामा भेटिएका वृद्ध जामुनलाल ऋषिदेव ।** ● किशोर बुढाथोकी

फुलेको कपाल र चाउरी परिसकेको छाला। खुट्टामा चप्पलधरी छैन। शरीर ढाक्ने थोत्रो एवं मैलो गन्जी र कट्टु मात्रै छ। हिँड्डुल गर्न र राम्ररी बोल्नसमेत सक्दैनन्।

तागत सकिएर बुढ्यौलीले गलिसकेको शरीर थरथर काँपिरहेको अवस्थामा एक वृद्ध मोरङको अनकन्टार जंगलमा भेटिएका छन्। सुन्दरहरैँचा नगरपालिका-१ डाँगी टोलका अन्दाजी ७५ वर्षीय जामुनलाल ऋषिदेव बेलबारी नगरपालिका १ र ४ को सिमानास्थित बेलबारी-चिसाङ साझेदारी वनभित्र भेटिएका हुन्। चारकोसे झाँडीभित्र वृद्ध एक्लै कसरी पुगे भन्ने यकिन भइसकेको छैन।

काँपिरहेको बेवारिसे अवस्थामा वन हेरालुहरूले उनलाई फेला परेका थिए। उनलाई मंगलबार बिहान ११:३० बजेतिर बेलबारी नगरपालिकाका स्वास्थ्यकर्मी, नगरप्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले उद्धार गरेको थियो। उद्धार गरेर सुरुमा उपचारका लागि बेलबारी नगर अस्पतालमा लगिएको थियो। त्यसपछि सुन्दरहरैँचा नगर अस्पतालमा भर्ना गरियो। थप उपचारका लागि बुधबार विराटनगरको कोशी अस्पताल ल्याइएको छ।

मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्की वृद्ध जामुनलाल कसरी एकान्त जंगलमा पुगेका हुन् भनेर अनुसन्धान भइरहेको बताउँछन्। उनका अनुसार थरथर काँपिरहेका र राम्ररी बोल्न नसक्ने वृद्ध सबै कुरा बताउन सक्दैनन्। नेपाली पनि राम्ररी बोल्दैनन्। वास्तविकता पत्ता लगाउन इलाका प्रहरी कार्यालय बेलबारीका इन्सपेक्टर तेजबहादुर दाहाल नेतृत्वको टोलीले थप अनुसन्धान गरिरहेको छ। यद्यपि, कसले, कहाँबाट, कसरी वन क्षेत्रको बीच भागमा ल्याएर वृद्धलाई छाडेको हो भन्ने खुल्न बाँकी छ।

'जंगलको बीचमा वृद्ध एक्लै फेला परेको भनेर वनका पदाधिकारीले प्रहरीलाई खबर गरेका थिए। वृद्ध आफ्नो नामसमेत भन्न सक्ने अवस्थामा थिएनन्,' एसपी कार्की भन्छन्, 'सबै पक्षसँग समन्वय गरेर जंगलबाट उद्धार गरी उपचारका लागि लगियो। स्वास्थ्य अवस्था ठीक भएर राम्ररी बोल्नसक्ने भएपछि धेरै कुरा खुल्छ भन्ने अपेक्षा छ।'

उनका अनुसार वृद्धले भनेको आफ्नो वतनका वडाध्यक्ष र गाउँटोलमा प्रहरी गएर फोटो देखाउँदै सोधीखोजी गरे पनि कसैले चिनेनन्। जनप्रतिनिधिलगायतसँग समन्वय गरेर थप खोजी गर्ने क्रममा सुन्दरहरैँचा-१ डाँगी टोलमा घर रहेको प्रहरीले पत्ता लगायो।

एसपी कार्की सुरुमा वास्तविक वतन र परिवारको अवस्था पत्ता लगाउनै समस्या भएको बताउँछन्। उनका अनुसार घटनाको प्रकृति हेर्दा कोही न कोहीले जंगलमा लगेर छाडिएको आशंका छ। वृद्धलाई छोरा-बुहारीले मोटरसाइकलमा ल्याएर ४ दिनअघि जंगलमा छाडिदिएको हल्लासमेत चल्यो। तर, यथार्थमा त्यस्तो नपाइएको प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ ६

हार्दिक बधाई
तथा शुभकामना



आदरणीय डा. आरजु राणा देउवा परराष्ट्र मन्त्रीमा नियुक्त हुनुभएकोमा Naaya Aayam Multi-disciplinary Institute Family (NAMI) हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।

देशको कूटनीतिक सेवाको प्रमुखको रूपमा आफ्नो जिम्मेवारी सम्हाल्दै गर्दा उहाँले आफ्नो क्षमता, दूरदृष्टि र कूटनीतिक कुशलताका साथ राष्ट्रिय हितलाई विश्वव्यापी मञ्चमा अगाडि बढाउनु हुनेछ ।

उहाँको परराष्ट्रमन्त्रीको कार्यकालले महत्वपूर्ण उपलब्धि, अर्थपूर्ण कूटनीतिक संलग्नता र विश्वमा नेपालको हैसियत बढाउन सकारात्मक योगदान पुऱ्याउनेछ भन्नेमा हामी पूर्ण विश्वस्त छौं ।

माननीय डा. आरजु राणा देउवाज्यूलाई हाम्रो न्यानो अभिवादनसहित सफल कार्यकालको शुभकामना ।

nami